# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०७।२६ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला झापा, दमक नगरपालिका वडा नं ५ स्थित श्री दीपिनी आधारभूत विद्यालयमा कार्यरत शिक्षक देवी निरौलाले भारतबाट फर्जी शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सोही विद्यालयमा प्राथमिक तहमा अध्यापन गराउदै आएकोले निजको सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको अनुसन्धान गरी कारबाही गरी पाउँ भन्ने व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज देवी निरौला वि.सं. २०५५ सालमा श्री दीपिनी आधारभूत विद्यालय, दमक-५ झापाको प्रा.वि.तहको शिक्षकको लागि अस्थायी नियुक्ति भई कार्यरत रहेको अवस्थामा मिति २०७५/१२/२८ गते स्थायी नियुक्ति लिई ऐ. विद्यालयमा प्रा.वि. तह तृतीय श्रेणीको शिक्षकको रुपामा हालसम्म कार्यरत रहेको देखिंदा निजले नियुक्ति लिनका लागि बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट जारी भएको मध्यमा तहको परीक्षा उत्तीर्ण गरेको भनी नक्कली तथा झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नियुक्ति लिई श्री दीपिनी आधारभूत विद्यालय, दमक-५, झापामा प्रा.वि. तृतीय तहको शिक्षक पदमा कार्यरत रही तलब, भत्ता सहितको ओहोदा, लाभ तथा सरकारी सेवा सुबिधासमेत प्राप्त गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम परिभाषित कसूर गरेको हुँदा निजलाई साबिक भ्रष्टाचार निवरण ऐन, २०१७ को दफा १२ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल